# "तिला गाउँपालिका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि २०८१"

कार्यपालिकाबाट स्वीकृत मिति :२०८१।०३।१० गते

तिला गाउँपालिका
डुण्डेली, जुम्ला
कर्णाली प्रदेश, नेपाल

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि २०८१

गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०८१।०३।१०
गाउँपालिकाबाट प्रमाणित मिति २०८१।०३।१०

प्रस्तावना :

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुँदा नं. ६ मा स्वयंसेवीको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा व्यवस्थापन स्थानिय तहबाट गर्न निर्देशन गरेको छ । गाउँपालिका क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमिमा महिला सामुदायिक स्वास्थ्य स्वयसेविकाहरुको सक्रिय भुमिकालाई उच्च मुल्याङ्कन गर्दै समुदायमा सचेतना अभिवृद्धि एव स्वास्थ्य सेवा प्रवाहको लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित गर्नका लागि थप सेवा सुविधा प्रदान गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी तिला गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धि कार्यविधि, २०८१ रहने छ।

(२) यो कार्यविधि तिला गाउँपालिका गाउँकार्यपालिका बैठकले पारित गरेपछि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यविधि" भन्नाले "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०८१" सम्झनु पर्दछ।

(ख) "छनोट" भन्नाले पहिलो पटक वा पुन : तोकिएको प्रकिया र विधि पूरा गरी छनोट भएको योग्य व्यक्ति सम्झनु पर्दछ।

(ग) "बिदाई" भन्नाले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा स्वयंसेवी भावना एव मर्यादाका साथ काम गरी सेवाबाट अलग भएको भन्ने सम्झनु पदर्छ।

(घ) "स्वयंसेविका" भन्नाले स्थानिय स्वास्थ्य आमा समूहद्धारा छनोट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवक भई कार्य गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा निर्धारित पाठयक्रमलाई आधार मानी सम्वन्धित प्रदेशले तयर गरेको पाठयक्रम अनुसार तालिम प्राप्त गरी स्थानीय स्वाथ्य संस्थाद्धारा प्रदान गरीने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुर्याउने स्वयंसेवी महिलालाई जनाउँछ।साथै यस शब्दले आमा समूहबाट छनोट भई तालिम लिन बाँकी रहेका
स्वयंसेवि महिला समेतलाई सम्झनु पर्दछ।

(ङ) "स्वास्थ्य आमा समूह" भन्नाले समुदायिको सहभागीतामा स्थानिय स्वास्थ्य संस्थाको स्वास्थ्य कार्यकर्ताले प्रजनन् उमेरका महिलाहरुलाई समावेश गरि समुदायमा स्वास्थ्य आमा समूह गठन गर्नेछ। उक्त स्वास्थ्य आमा समूहमा एक जना अध्यक्ष र आवश्यकता अनुसार अन्य पदाधिकारीहरु रहनेछन।

## परिच्छेद २
## स्वयंसेविका छनोट सम्बन्धी व्यवस्था

३.स्वयंसेविका छनोट : (१) स्वयंसेविकाको छनोट राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति २०६७ (पहिलो संशोधन २०७८) अनुसार देहायको प्रवधान बमोजिम हुनेछ।

(क) तोकिएको कार्यक्षेत्रमा स्थायी वसोवास गरेको महिला हुन पर्ने।

(ख) कम्तिमा ५वर्ष सेवा गर्न ईच्छुक रहेको प्रतिबद्धता गरेको हुनुपर्ने।

(ग) समाज सेवा गर्न ईच्छा भएको।

(घ) २५वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको।

(ङ) राजनितिमा नलागेको र कुनै पनि राजनितिक पदमा वहाल नरहेको।

(च) कुनै पनि लाभको पदमा वहाल नरहेको।

(छ) कम्तिमा १० कक्षा उत्तीर्ण गरेको।

(ज) योग्यता पुगेको महिलाले आमा समुहमा निवेदन दिए पश्चात सम्बन्धित स्वास्थ्य संस्थाको रोहवरमा स्वास्थ्य आमा समुहले स्वयंसेविका छनोट गर्नेछ ।

(२) लोपोन्मुख आदिबासी जनजाती र दलित वर्गलाई प्रथमिकता दिइने ।

## परिच्छेद ३
## स्वयंसेविकाको भुमिका तथा जिम्मेवारी

### ४. भुमिका तथा जिम्मेवारी :

(क) स्वास्थ्य आमा समूहको नियमित बैठक राख्न समूहको अध्यक्षलाई सहयोग गर्ने ।

(ख) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले स्वास्थ्य आमा समूहको माध्यामबाट समुदायका घरघरमा स्वास्थ्य सम्बन्धि सचेतना अभिवृद्धि गर्ने तथा स्थानीय तहमा उपलब्ध स्वास्थ्य सेवाको उपयोग बढाउन सूचना प्रवाह गर्नेछन ।

(ग) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुले परिवार नियोजन, खोप, सुरक्षित मातृत्व, प्रजनन् स्वास्थ्य, नवजात शिशु स्याहार, पोषण, सरुवा तथा महामारी रोगहरु, नसर्ने रोगहरु, मानसिक स्वास्थ्य लगाएतका विषयहरुमा स्वास्थ्य शिक्षा दिनेछन । यसका अलावा राष्ट्रिय स्वास्थ्य अभियानमा सहयोग गर्नुका साथै स्थानीय तहबाट तोके बमोजिम अन्य भुमिकाहरु निर्वाह गर्नेछन ।

(घ) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुले आफुले गरेको मासिक तथा वार्षिक कार्यको विवरण स्थानीय स्वास्थ्य संस्थालाई तोकिएको ढाँचा तथा अवधिमा जानकारी गराउनेछन ।

(ङ) आवश्यकता अनुसार सेवाको उपयोगमा वृद्धि गर्नको लागि स्वास्थ्य संस्थामा प्रेषण गर्नेछन ।

## परिच्छेद ४
## सेवा सुविधा सम्वन्धि व्यवस्था

४. सेवा तथा सुविधा : (१) स्वयंसेवीकाले कुनै पनि किसिमको तलब अन्य सुविधा दावी गर्न पाउने छैन । सकभर सेवा सुविधा बैंक मार्फत उपलब्ध गराइने छ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वयंसेविकाले मासिक रुपमा आमा समूहको बैठक सञ्चालन, मासिक बैठकमा उपस्थिती, खोप क्लिनिक तथा समुदायमा सहयोग जस्ता कियाकलापमा उत्प्रेरणको लागि अनुसूची १ अनुसारको सेवा सुविधा प्रदान गरिन्छ । नेपाल सरकारबाट निश्चित स्वयंसेविकालाई पोषाक खर्च उपलब्ध हुने र कार्यरत मध्ये उपलब्ध नहुनेको हकमा गाउँपालिकाले पोशाक खर्च उपलब्ध गराउने छ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ७ बमोजिम सेवा रद्द भएको अवस्थामा कुनै पनि प्रकारको सेवा सुविधा उपलब्ध गराइने छैन ।

## परिच्छेद ५

## बिदाई तथा सेवा रद्द सम्वन्धि व्यवस्था

**६. स्वयंसेविकाको बिदाई** : (१) दफा ३ अनुसार छनोट र कार्यरत रहेका स्वयंसेविकाको देहायका अवस्थामा सेवाबाट बिदाई हुनेछ ।

(क) राजिनामा दिएमा,

(ख) ६० वर्ष उमेर पूरा भएमा,

(ग) स्वयंसेविकाले आमा समूह समक्ष सेवा छाडने इच्छा जाहेर गरी बिदाई लिएमा,

(घ) राजनैतिक एव कुनै पनि सरकारी वा अन्य संघ संस्थाको वैद्यानिक पदमा नियुक्ति वा मनोनयन लिएमा ।

(ङ) तोकिएको भौगोलिक क्षेत्रमा घर ठेगाना रही ९० प्रतिशत भन्दा कम अवधि बसोबास गरेको अवस्था रहेमा ।

**७. स्वयंसेविकाको सेवा रद्द गरिने** : (१) स्वयंसेविकाको सेवा देहायका अवस्थामा रद्द गरिनेछ ।

(क) स्वयंसेविका भावना तथा आचरण बमोजिम कार्य नगरेको पाईएमा,

(ख) भ्रष्टचार अनशासनको उल्लङ्घन तथा नैतिक पतन देखिने कार्य गरेमा, ।

(ग) जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा कहि कतैबाट दैनिक ज्यालादारी, करार र स्थायी नियुक्ति लिई सेवा सुविधा वा तलब स्केलमा रहेको पाईएमा,

(घ) अन्यत्र बसाईसराई गरी गएमा, ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वयंसेविकाले विना सूचना चार महिना सम्म लगातार मासिक वैठकमा अनुपस्थित भएमा स्वत : सेवा रद्द हुनेछ ।

## परिच्छेद ६

## विविध

८. अन्य छुट विषय सम्वन्धी : यस कार्यविधि नभएका वा समावेश नभएका विषयका सम्बन्धमा तिला गाउँपालिका गाउाकार्यपालिकाको निर्णयर प्रचचित कानून बमोजिम हुनेछ ।

९. संशोधन तथा खारेजी तिला गाउँपालिका गाउाकार्यपलिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा खारेजी गर्नेछ ।

१०. निष्कृय : यस कार्यविधि संग बाझिने यस अधिका जुनसकै कार्यविधि स्वत : निष्कृय हुनेछ ।

## अनुसूची १

दफा ५ (२) संग सम्वन्धित

स्वयंसेविकाले पाउने सुविधा

| सि.नं. | कियाकलाप | वर्ष/महिना /पटक | दर | कैफियत |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १. | स्वयंसेविकाको सम्मान विदाई खर्च | २० वर्षभन्दा बढी अवधि सेवा गरेको | रु ५०,०००। | एकमुष्ट |
| | | २० वर्ष भन्दा कम अवधि सेवा गरेको | प्रति वर्ष रु २,०००।का दरले | |
| २. | मासिक बैठक एव खोप कार्यक्रम आमा समुहको बैठक सञ्चालन लगायतको लागि यातायात तथा समुदाय भ्रमण खर्च | प्रति महिना | रु २,५००। | |
| ३. | वार्षिक चाडपर्व खर्च | प्रति वर्ष | १०,०००। | |
| ४. | अन्य सुविधा | | | गाउँपालिकाको निर्णय अनुसार हुनेछ। |

आज्ञाले
टेक बहादुर बुढथापा
प्रमुख प्रशासकीय अधिकृत
तिला गाउापालिका